नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
( विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)
सानोठिमी, भक्तपुर

फोन नं ०१६६३३६२४
Email: cehrd.ss@gmail.com

पत्र संख्याः २०८२/०८३(मापदण्ड)
च.नं. ४५

मितिः २०८२/०९/२३

श्री शिक्षा विकास तथा समन्वय इकाई, (सबै) ।

विषय : राष्ट्रिय योग दिवस मनाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०९/१८ , च.नं. ११ को " राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा " भन्ने व्यहोराको पत्र यसै साथ संलग्न छ । उक्त पत्रमा उल्लिखित अनुसारको तहाँ इकाईलाई तोकिएको जिम्मेवारी र भूमिका निर्वाह गर्न गराउनुहुन यस केन्द्रको मिति २०८२/०९/२३ गतेको निर्णय अनुसार अनुरोध गरिन्छ ।

हरिप्रसाद अर्याल
(निर्देशक)

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः- ०८२/८३
चलानी नं.:- ९१

मिति : २०८२।०९।१८
नेपाल सम्बत् ११४६

विषय : राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी,भक्तपुर।

हरेक वर्ष माघ १ गतेलाई राष्ट्रिय योग दिवसको रुपमा मनाइँदै आइरहेको बेहोरा विदितै छ। यस वर्षको राष्ट्रिय योग दिवस २०८२ ( माघ ०१ गते) सार्थक र योगको मर्म अनुरुप मनाउने सन्दर्भमा शिक्षा सचिवज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय योग दिवस २०८२, मूल समारोह उपसमितिको बैठकबाट **"स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग"** भन्ने आदर्श वाक्यका साथ आ-आफ्नो परिवेश अनुकुलका विविध कार्यक्रमसाथ जिल्ला एवम् विद्यालय तहमा मनाउने सन्दर्भमा देहायबमोजिम गर्न गराउन राष्ट्रिय योग दिवस २०८२ मूल समारोह उपसमितिको मिति २०८२।०९।१७ को निर्णयानुसार अनुरोध छ।

१. जिल्ला स्तरमा राष्ट्रिय यो दिवस मनाउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।०२।२६ को निर्णय अनुसार नै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्य सदस्यहरू प्रमुख जिल्ला अधिकारीले नै तोक्नेगरी जिल्लास्तरीय समारोह समिति गठन गर्ने व्यवस्था भएकोले सो को जानकारी शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत् सबै शिक्षा विकास तथा समन्वय इकाइहरूलाई लेखी पठाउने निर्णय भएबमोजिम सबै शिक्षा विकास तथा समन्वय इकाइहरूमा आवश्यक समन्वय र पत्राचार हुन।

२. योग तथा ध्यानसँग सम्वन्धित संस्थाहरूले सप्ताहव्यापी रुपमा आ-आफ्नो अनुकूल हुने गरी दिवस मनाउने सन्दर्भमा स्थानीयस्तरमा क्रियाशील योग तथा ध्यानसँग सम्वन्धित संस्थाहरूले नजिकको पायक पर्ने विद्यालयमा कम्तिमा १ घण्टाको योगध्यान सम्बन्धी प्रवचन एवम् अभ्यास गर्ने गराउने व्यवस्थाका लागि सबै शिक्षा विकास तथा समन्वय इकाइहरूमा आवश्यक समन्वय र पत्राचार हुन।

३. राष्ट्रिय योग दिवस, २०८२ का सम्बन्धमा रेडियो नेपाल र नेपाल टेलिभिजनमार्फत शैक्षिक कार्यक्रमसंग समन्वय गरी प्रचार प्रसार र प्रत्यक्ष अन्तर्वार्ता तथा परिसंवाद कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आवश्यक संयोजन गर्न।

..........................
गोविन्द प्रसाद अर्याल
उपसचिव

फोन नं.:
वेबसाइट : www.moest.gov.np

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राष्ट्रिय योग दिवस २०८२ माघ १

मूल समारोह उपसमिति बैठकको निर्णय

मितिः २०८२ पौष १७ गते विहिबार

बैठकका एजेण्डा

१) राष्ट्रिय योग दिवस २०८२ को आदर्श वाक्य सम्वन्धमा

२) योग दिवस मनाउने कार्यक्रम र समयका सम्बन्धमा

३) योग दिवस मनाउन विभिन्न निकाय एवम संस्थासँग समन्वय सम्वन्धमा

४) सप्ताहव्यापी रूपमा विभिन्न सघसंस्थाले मनाउने योग दिवसका कार्यक्रमको सहजीकरण सम्वन्धमा

५) अन्य विविध

निर्णयहरु :

१) राष्ट्रिय योग दिवस, २०८२ मनाउने सन्दर्भमा विगत वर्षमा तय गरिएको आदर्श वाक्य "स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग" निरन्तर प्रयोग गर्ने ।

२) राष्ट्रिय योग दिवस, २०८२ मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग र योग ध्यान आरोग्य सञ्जालको व्यवस्थापकीय सहकार्यमा मूल समारोहको कार्यक्रम आयोजना गर्ने ।

३) मूल समारोहको कार्यक्रममा प्रमुख आतिथ्यताको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने।

४) राष्ट्रिय योग दिवस, २०८२ सबै मन्त्रालयहरुले मनाउन र आ-आफ्ना प्रदेश तथा स्थानीय तहका निकायहरुमा मनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सबै मन्त्रालयहरुमा आवश्यक समन्वय र पत्राचारका लागि अनुरोध गर्ने।

५) प्रदेश तहमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै प्रदेश सरकारहरूलाई आवश्यक समन्वय र पत्राचारका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

६) स्थानीय तहमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै स्थानीय तहहरूलाई आवश्यक समन्वय र पत्राचारका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

७) विश्वव्यापी रुपमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुमा आवश्यक समन्वय र पत्राचारका लागि परराष्ट्र मन्त्रालयमा अनुरोध गर्ने ।

चूडामणि पौडेल
सचिव